Shikhar Insurance

# शिखर इन्स्योरेन्स कम्पनी लि.

शिखर विज सेन्टर, थापाथली । पो.ब. नं. १०६९२, काठमाडौं, नेपाल
टेलिफोन ४२४६१०१, ४२४६१०२, फ्याक्सः ९७७-१-४२४६१०३
E-mail: shikharins@mos.com.np, Web: www.shikharinsurance.com

परिशिष्ट १ (निर्देशन १ सँग सम्बन्धित)

## निर्जीवन बीमा गर्ने बीमकको त्रैमासिक वित्तीय विवरण

**आ.ब. २०७१/७२ को तेश्रो त्रैमासिक (२०७१ चैत्र मसान्त) सम्मको लेखापरिक्षण हुन बाँकी (UNAUDITED) वित्तीय परिणाम**

## वासलात

रू. हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७१/१२/३०) २०७१/२०७२ तेश्रो त्रैमासिक | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा(२०७१/०९/३०) २०७१/२०७२ दोश्रो त्रैमासिक | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा २०७०/२०७१ तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.४ सम्म) | **७१०,४८३।५६** | **६६४,४३१।४३** | **५३३,०७८।१६** |
| १.१ | चूक्ता पुँजी | ३५७,६९१।०० | २९७,७७२।०० | १७५,०००।०० |
| १.१(क) | अग्रिम भुत्तानी (Call in advance) | - | - | ७०,०००।०० |
| १.२ | जगेडा कोष | ८८,१११।३७ | १२४,४१५।१७ | १०५,८४७।३० |
| १.३ | वीमा कोष | २५७,३४८।०६ | २३४,९११।१३ | १८२,२३०।८६ |
| १.३(क) | महा-विपत्ति कोष | ७,३३३।१३ | ७,३३३।१३ | - |
| १.४ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | उपयोग (२.१ देखि २.५ सम्म) | **७१०,४८३।५६** | **६६४,४३१।४३** | **५३३,०७८।१६** |
| २.१ | स्थिर सम्पत्ति (खूद) | २१३,१५८।८० | २१६,९६४।३९ | २२१,५७५।१७ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | १४१,९९४।४७ | १६७,७९८।१६ | १३०,७६१।५२ |
| २.३ | खूद चालू सम्पत्ति (३.४) | ३५४,६३४।४२ | २७८,८६३।७५ | १७९,५७९।१८ |
| २.४ | अपलेखन वा समायोजन हून बाँकी विविध खर्च | ६९५।८७ | ८०५।१४ | १,१६२।२९ |
| २.५ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| ३ | चालू सम्पति कर्जा तथा पेश्कीहरू (३.१ देखि ३.३ सम्म) | **१,२१५,०२७।६८** | **१,२९७,८७३।०८** | **८६६,४४२।८०** |
| ३.१ | नगद तथा बैंक मौज्दात | ८५,८९३।०३ | ६३,०७८।९५ | १६,३६५।३१ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ६५८,८१३।७१ | ५९८,७००।०० | ४४६,०७५।०० |
| ३.३ | अन्य सम्पत्ति | ४७०,३२०।९४ | ६३६,०९४।१३ | ४०४,००२।४८ |
| ४ | चालू दायित्व तथा व्यवस्थाहरू (४.१ देखि ४.४ सम्म) | **८६०,३९३।२६** | **१,०१९,००९।३३** | **६८६,८६३।६१** |
| ४.१ | चालू दायित्व | २४२,१५१।५६ | ३९५,८१३।१२ | २८१,०५१।७८ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | ३६४,१३७।६५ | ३३३,४७३।६८ | २६२,४६२।७४ |
| ४.३ | भूक्तानी हून बाँकी दावी वापत व्यवस्था | १५७,८६२।८९ | १५२,१८४।५१ | १४३,३४९।०९ |
| ४.४ | अन्य व्यवस्था | ९६,२४१।१६ | १३७,५३८।०३ | - |

## नाफा-नोक्सान हिसाब

रू. हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७१/१२/३०) २०७१/२०७२ तेश्रो त्रैमासिक | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा(२०७१/०९/३०) २०७१/२०७२ दोश्रो त्रैमासिक | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा २०७०/२०७१ तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.४ सम्म) | **२०१,२६३।८१** | **१२२,३०८।८७** | **१४३,३०१।९९** |
| १.१ | आय व्यय हिसाबबाट सारेको | १७८,६३०।८७ | १०४,९७१।९१ | १२९,७५१।१० |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | २२,६३२।९४ | १७,३३६।९६ | १३,५५०।८९ |
| १.३ | व्यवस्था फिर्ता | - | - | - |
| १.४ | अन्य आम्दानी | - | - | - |
| २ | व्यवस्था तथा खर्चहरू (२.१ देखि २.७ सम्म) | **८०,०४६।६२** | **४८,३२२।०९** | **५७,६३४।३८** |
| २.१ | व्यवस्थापन खर्च | १०,४५१।८५ | ५,८२५।३९ | ८,२६८।६२ |
| २.२ | अपलेखन खर्च | ३२७।८१ | २१८।५४ | ४१२।८५ |
| २.३ | अन्य खर्च | - | - | - |
| २.४ | नोक्सानीको लागि व्यवस्था | - | - | - |
| २.५ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी बोनश व्यवस्था | १७,३१६।७४ | १०,५६९।५४ | १२,२३८।२३ |
| २.७ | आयकर | ५१,९५०।२२ | ३१,७०८।६२ | ३६,७१४।६९ |
| ३ | खूद नाफा र नोक्सान (१-२) | **१२१,२१७।१९** | **७३,९८६।७९** | **८५,६६७।६०** |

## एकिकृत आय व्यय हिसाब

रू. हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७१/१२/३०) २०७१/२०७२ तेश्रो त्रैमासिक | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा(२०७१/०९/३०) २०७१/२०७२ दोश्रो त्रैमासिक | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा २०७०/२०७१ तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.६ सम्म) | **१,००२,७८२।७०** | **७६४,९२३।७४** | **७७०,८३६।५४** |
| १.१ | वीमाशूल्क (खूद) | ४८९,६६१।३६ | २८८,९८५।०० | ३३१,७९६।१७ |
| १.२ | पूनर्बीमा कमिशन आय | ११८,८१५।९६ | ७४,१६१।६८ | ७५,७६२।५१ |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ४१,१२१।८३ | ३१,४९९।५५ | २४,६२०।६४ |
| १.४ | अन्य प्रत्यक्ष आय | - | - | - |
| १.५ | त्रैमासिकको शूरूको भूक्तानी हून बाँकी दावी वापत व्यवस्था | १२०,७८६।३५ | १३६,८०७।६६ | ११८,२९६।७० |
| १.६ | त्रैमासिकको शुरूको असमाप्त जोखिम वापत व्यवस्था | २३२,३९७।२० | २३३,४६९।८६ | २२०,३६०।५३ |
| २ | व्यय (२.१ देखि २.८ सम्म) | **८२४,१५१।८३** | **६५९,९५१।८३** | **६४१,०८५।४४** |
| २.१ | दावी भूक्तानी (खूद) | १६३,४४१।५८ | ९४,३१४।५५ | १२८,२७०।२६ |
| २.२ | अभिकर्ता कमिशन | ३९,७४६।४९ | २४,६६०।७६ | २८,८६१।९० |
| २.३ | पुनर्बीमा कमिशन खर्च | - | - | ४०५।९० |
| २.४ | सेवा शूल्क (खूद) | ४,८९६।६१ | २,८८९।८५ | ३,३१७।९६ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.६ | व्यवस्थापन खर्च | ९४,०६६।६१ | ५२,४२८।४८ | ७४,४१७।६० |
| २.७ | त्रैमासिकको अन्त्यको भूक्तानी हून बाँकी दावी वापत व्यवस्था | १५७,८६२।८९ | १५२,१८४।५१ | १४३,३४९।०९ |
| २.८ | त्रैमासिकको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | ३६४,१३७।६५ | ३३३,४७३।६८ | २६२,४६२।७४ |
| ३ | नाफा र नोक्सान हिसाबमा सारेको (१-२) | **१७८,६३०।८७** | **१०४,९७१।९१** | **१२९,७५१।१०** |

## अन्य

रू. हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्म |
|---|---|---|---|---|
| १ | बीमाशूल्क आर्जन कूल रकम | **९६४,७१७।२७** | **६२८,५२१।९८** | **७५५,९४३।४४** |
| २ | जारी बीमालेखको संख्या | ११०,५६९ | ७०,५७६ | ५८,०६१ |
| ३ | नवीकरण गरिएको वीमालेखको संख्या | ९,७७० | ७,९०३ | ७,८२३ |
| ४ | कूल दाबी भूक्तानी | ३३२,६८६ | १९१,३६९,२४१ | १९४,८८८,६३६ |
| ५ | कूल दाबी भूक्तानी संख्या | २,१२० | ८८० | १,२३८ |
| ६ | भूक्तानी हुन बाँकी दाबी | ४०९,४८७ | ३९७,२२८,३२२ | ३६१,२७७,५९९ |
| ७ | भूक्तानी हुन बाँकी दाबी संख्या | २,१२५ | १,७८६ | १,४७८ |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची १४ (नियम २२ को उपनियम (२) संग सम्बन्धित)**

## आ. व. २०७१/७२ को तेश्रो त्रैमासिक प्रतिवेदन

(१) **वित्तीय विवरण :**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धित विवरण।**

यस कम्पनीको आ.व. २०७१/७२ को तेश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान तथा आय व्यय हिसाब विवरण (Unaudited) निम्न वमोजिम रहेको छ।

(ख) **प्रमुख वित्तीय अनुपातहरू :**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (Annualized) | ४५.८१ | प्रति शेयर नेटवर्थ | १९८.४४ |
| मूल्य आम्दानी अनुपात (PE Ratio) | १५.६१ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | ४३८.९८ |

(२) **व्यवस्थापकीय विश्लेषण :**

हालको प्रतिस्प्रर्धात्मक बजारमा पनी कम्पनीको बीमाशुल्क आम्दानीमा बृद्धि हुने क्रमले निरन्तरता पाएको देखिन्छ। कम्पनीको लगानी, नाफा तथा अन्य परिसुचकहरू पनि उत्साहजनक नै देखिन्छ। पुनर्बीमा प्रकृया तथा दावी भुक्तानी तथ्याङ्क समेत संतोषजनक रहेको छ। साथै कम्पनिको असमाप्त जोखिम जगेडा वापत व्यवस्था रू. ३६.४१ करोड पुग्न जाँदा कम्पनीको जोखिम वहन गर्ने क्षमतामा उल्लेखनिय वृद्धि हुन पुगेको छ जसले गर्दा भविष्यमा कम्पनिको आर्थिक अवस्था अझ सुदृढ हुने निश्चित छ।

(३) **कानूनी करवाही सम्बन्धि विवरण:**

यस अवधिमा कम्पनीको व्यवसायीक कारोवार सम्बन्धी कुनै पनि मुद्दा नपरेको।

(४) **संगठित संस्थाको शेयर कारोवार सम्बन्धि विवरण:**

| | | | |
|---|---|---|---|
| अधिकतम् मूल्य | ८७२ | न्यूनतम् मूल्य | ६७४ |
| अन्तिम मूल्य | ७१५ | कारोवार भएको कूल दिन | ४७ |
| कारोवार संख्या | ३१४ (५३,२८२) | | |

५) **समस्या र चुनौती :**

(क) **आन्तरिक समस्या र चुनौती :**

१) मोटर बिमा व्यवसायमा तेस्रो पक्ष दाबीको परिपेक्ष्यमा बीमा शुल्क बढ्ने अवसर प्राप्त हुँदाहुँदै पनि व्यवसाय तथा दावीको अनिश्चितताको कारण आगामी दिनमा आउन सक्ने जोखीमको कारणले गर्दा यो क्षेत्र चुनौति पुर्ण रहने नै छ।

२) नेपालको बिमा क्षेत्रमा दक्ष जनशक्तिको कमीले गर्दा जनशक्ति परिचालन तथा प्रोत्साहन सम्वन्धि चुनौती रहेको छ।

(ख) **वाह्य समस्या र चुनौती :**

१) प्राकृतिक प्रकोप जस्तै : भूकम्प, बाढी, पहिरो, आँधी लगायतले ल्याउने बीमा व्यवसाय तथा दावीमा निम्त्याउने जोखिम ।

२) अस्थिर राजनैतिक वातावरणबाट उत्पन्न आर्थिक तथा अन्य समस्याहरु ।

३) नेपालको भौगोलिक विकटताको कारण कृषि तथा लघुबीमामा सबैको पहुँच पुऱ्याउन ठुलो लगानी गर्नुपर्ने तथा पुर्वाधार विकासमा जोड दिनुपर्ने देखिन्छ।

४) बीमा सम्बन्धी सचेतनाको कमी पनि प्रमुख चुनौतिको रुपमा रहदै आएको छ।

(ग) **रणनीतिः**

१) प्राकृतिक प्रकोप द्वारा हुन जाने क्षतिलाई व्यवस्थापन गर्न पुनर्बीमासँग गरिने सम्झौतामा सो विपत्तिबाट आउने जोखिमको धारण बढाउने तथा महाविपत्ति कोषमा सोहि अनुरुप व्यवस्था गर्दै लैजाने रणनिति ।

२) व्यवसायलाई आधुनिकीकरण गर्दै नयाँ-नयाँ सेवा तथा सुविधाहरू ग्राहक माझ पुऱ्याउन कम्पनी तत्पर रहेको छ। कृषि तथा पशु पन्छी बीमाको अवसर तथा चुनौतीको अध्ययन गरी यसको सम्भाव्यता पहिचान गरी यस क्षेत्रका ग्राहकलाई बीमा व्यवसायको पहुँच पुऱ्याई व्यवसाय विस्तार गर्न कम्पनीले देशका विभिन्न क्षेत्रमा २० वटा शाखा कार्यालय खोलिसकेको र यो कार्यलाई निरन्तरता दिइने छ। जसको लागी कम्पनीले समय समयमा बीमा सम्बन्धी विभिन्न सुचनामुलक कार्यक्रम संचालन गर्दै आइरहेको छ। साथै, कम्पनीले राष्ट्रको आवश्यकता तथा बजार सम्भाव्यताको आधारमा नयाँ नयाँ बीमालेखहरू प्रयोगमा ल्याई आफ्नो छुट्टै पहिचान राख्न सफल रहेको छ। राष्ट्रमा नयाँ संबिधान आउने अवस्थामा सो बाट राष्ट्रको आर्थिक बिकासमा पर्न सक्ने सकारात्मक असरलाई ध्यानमा राखि सो सम्बन्धमा आवश्यक रणनिति बनाउन कम्पनि तत्पर रहेको छ।

(६) **संस्थागत सुशासनः**

बीमा ऐन, नियम तथा बीमा समितिद्वारा दिईने निर्देशन एवं निर्देशिका र कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अनुसार संस्थागत सुशासनको लागि आन्तरिक लेखा परीक्षक मार्फत लेखा परीक्षण गर्ने र लेखा परीक्षकको सुझाव तथा बीमा समितिद्वारा जारी गरिएको संस्थागत शुसासन सम्वन्धी निर्देशिका, २०६९ द्वारा तोकिएको निर्देशन बमोजिम कम्पनीले कार्य सम्पादन गर्दै आएको छ। साथै सम्पत्ति शुद्धिकरणद्वारा निर्दिष्ट वातावरणले पनि संस्थागत सुशासनमा अनुकुल असर पर्नेमा कम्पनी विश्वस्त छ।

(७) **अन्यः**

वैशाख १२ गते गएको महाभूकम्पबाट भएको क्षतिबाट भएको दावी कम्पनीमा आउने क्रम हालसम्म पनि जारी रहेको छ। कम्पनीले बीमा सर्भेयर खटाईसकेको र सो को प्रतिवेदन प्राप्त भए पश्चात कुल दावीको रकम यकिन गर्न सकिने छ । हाल सम्म कम्पनीमा भुकम्पको कारणबाट परेका दावी र कम्पनीले यस्ता दावीलाई न्युनिकरण गर्न अवलम्बन गरेको पुनर्बीमा व्यवस्था हेर्दा हाल सम्म उक्त भुकम्पको कारणले कम्पनीको बित्तिय स्थितिमा सारभुत असर नपर्ने देखिन्छ।

(८) **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा पूर्ण उत्तरदायित्व लिन्छु। साथै म यो उद्रुघोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएको छैन साथै हालसम्म प्राप्त दाबी हिसाब, पुनर्बीमा हिसाब लगायत लेखा परिक्षण गर्दा कुनै ब्यबस्था गर्नु परेमा माथि देखाइएको हिसाब फरक पर्न सक्नेछ।

- **समितीको निर्देशन अनुसार बाँडफाँड योग्य नाफाको १०% रकम महा-बिपत्ती कोष अर्न्तगत छुट्टयाईएको र सोहि रकम पहिलो त्रैमासिकमा समायोजन गरिएको**